

पोखरापत्र

राष्ट्रिय दैनिक

Pokharapatra National Daily

रु. १.५ मा

कलर भिजिटिङ कार्ड साथै

तुरुन्त क्यालेण्डर पुस्तक, स्मारिका आदि छपाई गर्नु परेमा

सम्पर्क:

०६१-५७०६५१, ९८५६०७५५७५

❑ वर्ष २७ ❑ अङ्क २८६ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०८३ कार्तिक २१ गते शनिबार ❑ 7 Nov. 2026 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५।-

रास्वपा नेता-कार्यकर्तालाई उच्च राजनीतिक चरित्र देखाउन सभापति लामिछानेको निर्देशन

रासस
चितवन, २० कार्तिक

राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) का सभापति रवि लामिछानेले पार्टीका नेता तथा कार्यकर्तालाई जनताको अपेक्षाअनुसार उच्च राजनीतिक चरित्र प्रदर्शन गर्न निर्देशन दिनुभएको छ।

रास्वपा चितवनले आज यहाँ आयोजना गरेको विशेष सम्बोधन कार्यक्रममा उहाँले पार्टी सरकारको नेतृत्वमा पुगेपछि नेता तथा कार्यकर्ताको व्यवहार र गतिविधि थप जिम्मेवार हुनुपर्ने बताउनुभयो । पार्टीका नेता तथा कार्यकर्ताको व्यवहार र गतिविधिलाई समाजले मूल्याङ्कन गर्ने उल्लेख गर्दै उहाँले आलोचना गर्ने समाजमाथि आक्रामक हुनु राजनीतिक चरित्र नभएको बताउनुभयो । समाजले देखाएको कमजोरी स्वीकार गरेर सुधार गर्नुपर्ने उहाँको भनाइ थियो । "ऐनाले आफ्नो अनुहार देखाएपछि ऐना देखाउनेतिर झम्टिने त्यो राजनीतिक चरित्र होइन", उहाँले भन्नुभयो। जनताले



पार्टीलाई १८२ सिटसहित सरकारको नेतृत्व गर्ने अवसर दिएको उल्लेख गर्दै सभापति लामिछानेले त्यसलाई अहङ्कारको विषय बनाउन नहुने बताउनुभयो । पार्टीभित्र माथिदेखि तलसम्म देखिएका कमजोरी सुधार्न निर्देशन दिँदै उहाँले बदला लिने भावनाले काम नगर्न पनि आग्रह गर्नुभयो। "हामी रास्वपाका हौं भन्दै प्रशासन र प्रहरीलाई राजनीतिक दबाब दिने काम गर्यौं भने त्यो चरित्रले हामीलाई धेरै पर लैजाँदैन", उहाँले भन्नुभयो, "हामीले भुइँ टेक्नुपर्छ, भुइँ छोड्नुहुँदैन।"

जनताले दिएको अभिमतलाई उनीहरूकै अपमान हुने गरी प्रयोग नगर्न चेतावनी दिँदै उहाँले पार्टी ठूलो भएको भन्दै प्रहरी, प्रमुख जिल्ला अधिकारीलगायत राज्यका निकाय आफूहरूको नियन्त्रणमा रहेको ठान्ने अहङ्कार त्याग्नुपर्ने बताउनुभयो । उहाँले पार्टीभित्र एकता कायम राख्न पनि आग्रह गर्नुभयो।

"हामी यही माटोका मान्छे हौं । एक चुनाव जित्दैमा हामी विशेष प्राणी बनेका छैनौं", उहाँले भन्नुभयो । पार्टीभित्र मतभेद र अन्तरसङ्घर्ष नरहेको दाबी गर्दै सभापति लामिछानेले सरकारले जनअपेक्षाअनुसार काम गरोस् भन्ने उद्देश्यले पार्टीले सुझाव दिने गरेको बताउनुभयो । सरकारका कामकारबाहीमा सुधारका लागि सुझाव दिनुलाई विवादका रूपमा लिन नहुने उहाँको भनाइ थियो । पार्टीले सरकारको काममा बाधा अवरोध नगर्ने स्पष्ट पार्दै उहाँले लोकतन्त्रका स्तम्भ कमजोर पार्ने गतिविधिमा सरकार संलग्न नहुने बताउनुभयो । सभापति लामिछानेले अदालत, प्रहरी, प्रेसलगायत सार्वजनिक संस्थाका विषयमा अनावश्यक टिप्पणी नगर्न पनि आग्रह गर्नुभयो। सार्वजनिक संस्थालाई कमजोर बनाउँदा देश र लोकतन्त्र दुवै कमजोर हुने उहाँको भनाइ थियो। "अदालत, प्रहरी, प्रेसलगायत भएभरका संस्था कमजोर भए देश कमजोर हुन्छ, लोकतन्त्र रहन सक्दैन", उहाँले भन्नुभयो। सुशासन कायम गर्न भ्रष्टाचार नियन्त्रण आवश्यक रहेको उल्लेख गर्दै उहाँले त्यसका लागि विधिको शासनअनुसार अनुसन्धान र कारबाही हुनुपर्नेमा जोड दिनुभयो। भ्रष्टाचार नियन्त्रणको विषय विगतमा रास्वपाले नै जोडदार रूपमा उठाएको स्मरण गराउँदै उहाँले अनुसन्धान नगरी कसैलाई दोषी ठहर गर्ने र पत्राउ गर्ने प्रवृत्ति उचित नहुने बताउनुभयो।

कास्कीमा राति १० बजेसम्म मात्रै देउसी-भैलो खेल्न पाइने, घरधनीको अनुमति अनिवार्य

पोखरापत्र संवाददाता
पोखरा, २० कार्तिक

जिल्ला प्रशासन कार्यालय कास्कीले तिहारमा खेलिने देउसी-भैलोकार्यक्रमबेलुका(राति) १० बजेसम्म मात्रै सञ्चालन गर्न पाउने जनाएको छ।

प्रशासनले देउसी-भैलो खेल्दा सम्बन्धित घरधनीको पूर्वअनुमति लिनुपर्ने व्यवस्था पनि गरेको प्रशासनले जनाएको हो । जिल्ला प्रशासन कार्यालय कास्कीले तिहार पर्वलाई सभ्य, सुरक्षित, शान्तिपूर्ण र उल्लासमय बनाउन देउसी-भैलो कार्यक्रम सञ्चालन गर्दा पालना गर्नुपर्ने विभिन्न मापदण्डसहित सूचना जारी गर्दै यस्तो आग्रह गरिएको जिल्ला प्रशासन कार्यालय कास्कीका सहायक प्रमुख जिल्ला अधिकारी एवं प्रवक्ता रमेश घर्तीले बताउनुभयो।

देउसी-भैलो कार्यक्रम नेपाली मौलिक संस्कृति, परम्परा र सामाजिक सद्भावको संरक्षण हुने गरी मर्यादित, अनुशासित तथा व्यवस्थित रूपमा सञ्चालन गर्न अनुरोध गरिएको उहाँले बताउनु भयो। घर, निजी आवास, कार्यालय, व्यापारिक प्रतिष्ठान वा अन्य स्थानमा देउसी-भैलो खेल्न जाँदा घरधनी, सञ्चालक वा सम्बन्धित जिम्मेवार व्यक्तिको पूर्वस्वीकृति लिनुपर्ने सूचनामा उल्लेख छ । अनुमति नदिएको स्थानमा जबर्जस्ती देउसी खेल्ने वा दक्षिणा माग्ने कार्य नगर्न पनि प्रशासनले सचेत गराएको छ । सूचनाको उल्लङ्घन गरी सार्वजनिक शान्ति सुरक्षा, सामाजिक सद्भाव, सार्वजनिक सम्पत्ति तथा सर्वसाधारणको आवागमनमा बाधा पुऱ्याएमा प्रचलित कानुनबमोजिम कारबाही गरिने प्रशासनले चेतावनी दिएको छ। त्यस्तै, देउसी-भैलोका नाममा सर्वसाधारण, व्यवसायी, घरधनी तथा यात्रुलाई जबर्जस्ती रकम माग्ने, दबाब दिने, धम्क्याउने वा अभद्र व्यवहार गर्न रोक लगाइएको छ। मादक पदार्थ सेवन गरी होहल्ला गर्ने, झैझगडा गर्ने तथा सार्वजनिक शान्ति सुरक्षामा खलल पुग्ने गतिविधि नगर्न पनि प्रशासनले आग्रह गरेको छ । सूचनामा ध्वनि प्रदूषण हुने गरी डिजे, अत्यधिक ठूलो आवाजमा माइक, लाउडस्पिकर तथा अन्य ध्वनि उपकरण प्रयोग नगर्न भनिएको छ। अस्पताल, स्वास्थ्य संस्था, विद्यालय, वृद्धाश्रमलगायत संवेदनशील क्षेत्रमा विशेष सावधानी अपनाउन तथा सडक, चोक, गल्ली र फुटपाथमा सवारी आवागमन र पैदलयात्रीलाई बाधा नपुग्ने गरी कार्यक्रम सञ्चालन गर्न पनि प्रशासनले अनुरोध गरेको हो।

यसैगरी, भुइँचम्पा, आतिसबाजी, रकेट, पटाकालगायत विस्फोटक पदार्थको प्रयोग, ओसारपसार, बिक्री वितरण तथा भण्डारण नगर्न प्रशासनले निर्देशन दिएको छ । देउसी-भैलो कार्यक्रममा बालबालिकालाई सहभागी गराउँदा अभिभावकको निगरानीमा राख्न तथा सार्वजनिक र निजी सम्पत्तिमा क्षति पुग्ने, फोहोरमैला गर्ने र सामाजिक सद्भावमा खलल पुग्ने गतिविधि नगर्न पनि भनिएको छ । देउसी-भैलो कार्यक्रम सञ्चालन गर्ने समूह, क्लब, संघसंस्था तथा आयोजकले आवश्यकताअनुसार सम्बन्धित स्थानीय तह र नेपाल प्रहरीसँग समन्वय गर्नुपर्ने सूचनामा उल्लेख छ । कुनै विवाद, आगलागी वा शंकास्पद गतिविधि भएमा तत्काल नजिकको प्रहरी कार्यालय वा प्रहरीको हटलाइन नम्बर १०० मा जानकारी गराउन प्रशासनले आग्रह गरेको छ।

तिहारको सांस्कृतिक महत्व कायम राख्दै शान्ति सुरक्षा र सार्वजनिक सुव्यवस्था सुनिश्चित गर्न सबै नागरिक, देउसी-भैलो समूह, क्लब, संघसंस्था, आयोजक तथा घरधनीलाई सहयोग र समन्वय गर्न प्रशासनले आग्रह गरेको छ।

प्लास्टिकका फूलमाला बिक्री गर्ने पसलमा महानगरको अनुगमन

पोखरापत्र संवाददाता
पोखरा, २० कार्तिक

तिहारलाई लक्षित गर्दै पोखरा महानगरपालिकाले प्लास्टिकजन्य फूलमाला तथा अन्य प्रतिबन्धित सामग्रीको बिक्री-वितरण रोक्न बजार अनुगमनलाई तीव्रता दिएको छ।



सरकारले प्लास्टिकजन्य फूलमाला उत्पादन, आयात, बिक्री-वितरण तथा भण्डारणमा रोक लगाएको भए पनि बजारमा बिक्री भइरहेको पाइएपछि महानगरले अनुगमनलाई निरन्तरता दिएको हो । महानगरपालिकाले विगत तीन वर्षदेखि प्लास्टिकजन्य फूलमालाको बिक्री-वितरण रोक्न अभियान सञ्चालन गर्दै आएको छ। यस वर्ष पनि औपचारिक सूचना जारी गरी प्लास्टिकजन्य फूलमाला बिक्री-वितरण नगर्न व्यवसायीलाई आग्रह गरेको थियो। सूचनाको कार्यान्वयन भए-नभएको विषयमा महानगरले बजार अनुगमनलाई तीव्र बनाएको महानगर आर्थिक विकास महाशाखा प्रमुख मनहर कडरियाले जानकारी दिए । उनका अनुसार शुक्रबार पोखरा महानगरपालिका वडा नं. १ र २ नम्बरका बिन्ध्वासिनी र बगर क्षेत्रमा रहेका नौवटा पूजासामग्री र झिलिङ्गा पसलमा अनुगमन गरिएको हो। अनुगमनका क्रममा ६ हजार २८० रुपैयाँ बराबरका प्लास्टिकका माला, फूल तथा बेकरी सटेनिङ् नष्ट समेत गरिएको छ। अनुगमनका क्रममा प्लास्टिकका माला, लेबल उल्लेख नगरिएका भाइमसला तथा रङ प्रयोग गरिएका झिलिङ्गा बिक्रीका लागि राखिएको पाइएको पोखरा महानगरपालिका सहकारी तथा उद्योग शाखाकी अधिकृत कल्पना बरालले जानकारी दिइन्। नेपाल सरकारले प्रतिबन्धित गरेका सामग्री नियन्त्रणमा लिएर नष्ट गरिएको उनले बताइन्। महानगरपालिका उपप्रमुख एवं उपभोक्ता हित संरक्षण समितिकी संयोजक मञ्जुदेवी गुरुङको नेतृत्वमा अनुगमन गरिएको थियो। उपप्रमुख गुरुङले प्लास्टिकजन्य फूलमालाले वातावरण प्रदूषण बढाउने भएकाले यसको बिक्री-वितरणमा रोक लगाइएको बताइन्। तिहारका बेला यस्ता सामग्रीको बिक्री बढ्ने भएकाले अनुगमनलाई प्राथमिकता दिइएको उनको भनाइ थियो। विगतका वर्षमा व्यवसायीबाट विभिन्न गुनासा आउने गरे पनि यस वर्ष त्यस्ता गुनासा तुलनात्मक रूपमा कम देखिएको उनले बताइन्।

उपप्रमुख गुरुङले व्यवसायीहरुलाई प्रचलित कानून तथा मापदण्डको पूर्ण पालना गर्न, वस्तुको गुणस्तर र मुल्यमा पारदर्शिता कायम गर्न, म्याद नाघेका सामग्री र प्लाष्टिकको फूलमाला बिक्री नगन आग्रह गदै उपभोक्तालाई जिम्मेवा र जवाफदेही बन्न अनुरोध गरेकी छन्। उनले प्लास्टिकका कृत्रिम फूलमालाको सट्टा स्थानीयस्तरमा उत्पादित प्राकृतिक फूलमालाको प्रयोग गर्न र स्वदेशी उत्पादनलाई प्रोत्साहन गर्न व्यवसायी तथा उपभोक्तालाई आग्रह गरिन्।

नेपाल सरकारको वन तथा वातावरण मन्त्रालयले वातावरण संरक्षण ऐन, २०७६ को दफा १५ को उपदफा (६) ले दिएको अधिकार प्रयोग गरी राजपत्रमा सूचना प्रकाशित गर्दै प्लास्टिकजन्य फूलका गुच्छाको उत्पादन, आयात, बिक्री-वितरण तथा भण्डारणमा प्रतिबन्ध लगाएको छ। उक्त निर्णयविपरीत कार्य गरेको पाइएमा वातावरण संरक्षण ऐन, २०७६ को दफा २२ को उपदफा (४) बमोजिम १५ हजारदेखि २० हजार रुपैयाँसम्म जरिवाना हुने व्यवस्था छ।

अनुगमनमा महानगरको आर्थिक विकास महाशाखा प्रमुख मनोहर कडरिया, राष्ट्रिय उपभोक्ता मञ्च पोखरा महानगर समितिका उपाध्यक्ष हुमनाथ अधिकारी, खाद्य प्रविधि तथा गुण नियन्त्रण कार्यालय पोखराकी अधिकृत सरस्वती गिरी, महानगरको सहकारी तथा उद्योग शाखाकी अधिकृत कल्पना बराल तथा पत्रकारहरूको सहभागिता रहेको थियो। महानगरपालिकाले वातावरण संरक्षण, उपभोक्ता हित र स्थानीय फूल उत्पादक किसानको प्रोत्साहनलाई ध्यानमा राख्दै आगामी दिनमा पनि बजार अनुगमनलाई निरन्तरता दिने जनाएको छ।

'दलहरूबीच एकता र सहकार्य आवश्यक'

पोखरापत्र संवाददाता
लमजुङ, २० कार्तिक

नेपाल कम्युनिष्ट पार्टी (एमाले) का महासचिव शङ्कर पोखरेलले संविधान र लोकतन्त्रको रक्षाका लागि राजनीतिक दलहरूबीच एकता र सहकार्य आवश्यक रहेको बताउनुभएको छ।

एमाले लमजुङद्वारा बेंसीसहरमा शुक्रबार आयोजित शुभकामना आदानप्रदान कार्यक्रममा उहाँले दलहरू एकअर्कालाई कमजोर बनाउने प्रतिस्पर्धामा लाग्दा मुलुक कमजोर बन्दै गएको उल्लेख गर्नुभयो । संविधान कमजोर भए त्यसबाट प्राप्त नागरिकका हकअधिकारसमेत गुम्न सक्ने उहाँको भनाइ थियो। पूर्वमुख्यमन्त्री


बाँकी अन्तिम पृष्ठमा ▶▶

हार्दिक मंगलमय शुभकामना

शुभ दीपावली-२०८३ र नेपाल सम्वत ११४७ को अवसरमा हामी हाम्रा समस्त पाठक, ग्राहकवर्ग, लेखक, विज्ञापनदाता, शुभेच्छुक एवं सम्पूर्ण नेपालीहरुमा सुख, शान्ति सम्बृद्धि र दीर्घायूको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

पोखरापत्र दैनिक परिवार

अबको अंक तिहारपछि मात्र प्रकाशित हुनेछ।



पोखरामा सयपत्री फूलको बिक्री स्थल र मूल्य निर्धारण

पोखरापत्र संवाददाता
पोखरा, २० कार्तिक

पोखरा महानगरपालिकाले तिहारलाई लक्ष्य गरी सयपत्री फूलको बिक्रीस्थल र मूल्य निर्धारण गरेको छ।

महानगरको आर्थिक विकास महाशाखाका प्रमुख मनोहर कडरियाका अनुसार सयपत्री फूलको बिक्रीवितरणका लागि पोखराका १७ स्थान तोकिएको छ । त्यस्तै, सयपत्री फूलको प्रतिकिलो रु ५०० र प्रतिमाला रु २०० मूल्य कायम गरिएको उहाँले जानकारी दिनुभयो।

आगामी आइतबारदेखि लागू हुनेगरी पोखरा महानगरपालिका-१ को देवी पञ्चाङ्ग ज्येष्ठ नागरिक मिलन केन्द्र, टुँडीखेलको पुरानो वडा कार्यालय, पोखरा-२ स्थित सङ्गमचोक कृषि बजार चौतारी, पोखरा-५ को वडा कार्यालय परिसर, ६ नं वडाको सुलभ उपभोक्ता सहकारी संस्था लि, वडा नं ९ स्थित महेन्द्रपुलको फल्चालाई सयपत्री फूलको बिक्रीवितरण स्थलका रुपमा तोकिएको हो।

यसैगरी, पृथ्वीचोकस्थित पोखरा कोशेली घर, पोखरा-९ को सिद्धार्थचोक चौतारी, १० नं वडाको पोखरा रङ्गशाला, वडा नं १३ को किसान बजार, वडा नं १४ को कार्यालय परिसर, वडा नं १५ को किसान बजार, वडा नं १६ र १९ को ठूलीपोखरी किसान बजार, वडा नं १७ विरौटाको किसान बजार, पोखरा-३० खुदीको किसान बजार, वडा नं ३१ को कोट देउराली बहुउद्देश्यीय कृषि सहकारी संस्था लि र वडा नं २७ तालचोकको कृषिउपज थोक बजारलाई सयपत्री फूलको बिक्रीस्थल तोकिएको हो।

सरोकार भएका पक्षको समन्वयमा बिक्रीस्थल र फूलको गुणस्तरका आधारमा मूल्य निर्धारण गरिएको आर्थिक महाशाखा प्रमुख कडरियाले बताउनुभयो। स्थानीय उत्पादनको प्रवर्द्धनका लागि महानगरले तिहारमा प्लाष्टिकजन्य फूलको माला बिक्रीवितरण नगर्न सम्बन्धित व्यवसायीमा आग्रहसमेत गरेको छ । फ्लोरिकल्चर एसोसिएसन नेपाल, कास्कीमा आबद्ध ४२ वटा नर्सरी तथा पुष्प व्यवसायीले पोखरामा फूल उत्पादन र बिक्रीवितरण गर्दै आएका छन्।

पुष्प व्यवसायलाई प्रतिस्पर्धी र दिगो बनाउन पोखरा महानगरको प्रवर्द्धनमा एसोसिएसनलेतिहारकोपूर्वसन्ध्यामा पोखरामा 'नवौँ गोदावरी पुष्प प्रदर्शनी तथा तेस्रो सयपत्री पुष्प मेला'को पनि आयोजना गरेको छ । बुधबारदेखि सुरु भएको प्रदर्शनीमा फूल अवलोकन मात्र नभएर किनमेलका लागि सर्वसाधारणको घुइँचो लागेको एसोसिएसनले जनाएको छ । प्रदर्शनीले फूल उत्पादक किसान, व्यवसायी र उपभोक्तालाई एकैथलोमा ल्याएको हो।

स्थानीय फूल उत्पादक किसानलाई बजार उपलब्ध गराउने र उपभोक्तालाई सहज रुपमा फूल तथा फूलका बिरुवा खरिद गर्ने वातावरण सृजनाका लागि प्रदर्शनी आयोजना गरिएको एसोसिएसनका अध्यक्ष रामप्रसाद सुवेदीले बताउनुभयो।

प्रदर्शनीमा फूलका २२, कृषि सामग्रीका तीन र सूचनामूलक एकगरी २६ प्रदर्शनीकक्ष रहेका छन् । पुष्प व्यवसायको विस्तार तथा बजार प्रवर्द्धन गर्ने उद्देश्यले विगत केही वर्षदेखि पोखरामा पुष्प प्रदर्शनीको आयोजना हुँदै आएको छ।

फूलैफूलको मौसम तिमीलाई...

पोखरापत्र संवाददाता
पोखरा, २० कार्तिक

फूलैफूलको पर्व तिहार ढोकैमा आइपुगेको छ। यही छेकोमा पोखरा रङ्गशालाको प्रदर्शनीकक्ष रङ्गीबिरङ्गी फूलले सजिएको छ । प्रदर्शनीकक्षमा पुग्नेहरु फूल हेरेर मग्न देखिन्छन् ।

कोही फूलअघि 'सेल्फी' लिइरहेका छन् । कोही आफूलाई मनपर्ने फूललाई तस्बिर र श्रव्यदृश्यमा कैद गरिरहेका छन् । तारादेवीद्वारा स्वरबद्ध गीत 'फूलैफूलको मौसम तिमीलाई...' को झझल्को दिलाउनेगरी रङ्गशाला परिसर यतिबेला फूलमय बनेको छ । फ्लोरिकल्चर एसोसिएसन नेपाल, कास्कीद्वारा आयोजित 'नवौँ गोदावरी पुष्प प्रदर्शनी तथा तेस्रो सयपत्री पुष्प मेला'मा फूल अवलोकनमात्र नभएर किनमेलका लागि सर्वसाधारणको भीड बढ्दो छ । बुधबारदेखि सुरु भएको प्रदर्शनीले फूल उत्पादक किसान, व्यवसायी र उपभोक्तालाई एकैथलोमा ल्याएको हो।

सयपत्री, गोदावरीलगायत थरिथरिका फूल बिक्री तथा प्रदर्शनीमा राखिएको छ। तिहारका बेला फूलको माग र बिक्री बढी हुने भएकाले प्रदर्शनी आयोजना गरिएको हो। पोखराका फूल उत्पादक काशीराम गुरुङले दुई



दिनमै सोचेभन्दा राम्रो फूलको किनमेल भएको बताउनुभयो । "यहाँ आउने कोही पनि रित्तो फर्केर जाँदैन, दिनैभर मानिसहरु आउनेजाने भइरहेको छ", उहाँले भन्नुभयो, "फूल उत्पादक किसान, व्यापारी हामी सबै खुसी छौँ ।" तिहारका लागि चाहिने सयपत्री र गोदावरी फूलको बिक्री बढी भइरहेकोगुरुङलेबताउनुभयो।प्रदर्शनी अवलोकनका लागि आउनुभएकी पोखरा महानगरपालिका-१० अमरसिँहचोककी शान्ता थापाले प्रदर्शनीमा आफूलाई मनपर्ने फूल रोजीरोजी किन्न पाइने बताउनुभयो। "प्रदर्शनीमा आउँदा फूल छनोट गर्न पाइन्छ, यहाँको वातावरणले पनि किनूँकिनूँ लाग्ने बनाउँछ", उहाँले भन्नुभयो, "म फूलमा सौखिन पनि छु, प्रदर्शनीमा आएर रु सात हजार ५०० बराबरको विभिन्न फूल किनेँ ।" फूलको किनमेलमा धेरै मोलमोलाइ पनि नहुने थापाले सुनाउनुभयो । उहाँले प्रदर्शनीको आयोजनाले फूल उत्पादक किसान र व्यवसायीलाई प्रोत्साहित गरेको बताउनुभयो।

पोखरा-१२ मा रहेको गार्डेन नर्सरीका सञ्चालक रुपा श्रेष्ठले प्रदर्शनी अवलोकनमा आउनेको सङ्ख्या उत्साहजनक रहेको बताउनुभयो । आफूले ११ प्रकारका गोदावरी फूल बिक्री तथा प्रदर्शनीमा राखेको उहाँले बताउनुभयो । "रुचि र चासो लिएर धेरैजना प्रदर्शनी अवलोकनका लागि आइरहनुभएको छ, सबै स्टलमा व्यापार भइरहेको छ, चहलपहल अझै बढ्दै जान्छ", श्रेष्ठले भन्नुभयो । स्थानीय फूल उत्पादक किसानलाई बजार उपलब्ध गराउने र उपभोक्तालाई सहज रूपमा फूल तथा फूलका बिरुवा खरिद गर्ने वातावरण सृजनाका लागि प्रदर्शनी आयोजना गरिएको एसोसिएसनका अध्यक्ष रामप्रसाद सुवेदीले बताउनुभयो। एसोसिएसनमा आबद्ध ४२ वटा नर्सरी तथा पुष्प व्यवसायीले फूल उत्पादन र बिक्रीवितरण गर्दै आएको उहाँको भनाइ छ। पुष्प व्यवसायलाई प्रतिस्पर्धी र दिगो बनाउन गुणस्तरीय उत्पादन तथा स्वच्छ बजार प्रवर्द्धन गर्नुपर्नेमा उहाँको जोड छ । प्रदर्शनीले पुष्प व्यवसायको प्रवर्द्धन, स्थानीय उत्पादनको बजारीकरण, कृषकलाई प्रोत्साहन तथा फूलप्रति आमनागरिकको आकर्षण बढाउने अपेक्षा गरिएको छ ।

पोखरा महानगरपालिकाका अनुसार पोखरामा करिब २०० रोपनीमा सयपत्री फूलको व्यावसायिक खेती हुँदै आएको छ।

पोखरामा वार्षिक झन्डै रु तीन करोडबराबरको फूलको कारोबार हुने अनुमान छ । पुष्प प्रदर्शनीमा फूलका २२, कृषि सामग्रका तीन र सूचनामूलक एक गरी २६ प्रदर्शनीकक्ष रहेका छन् । पुष्प व्यवसायको विस्तार तथा बजार प्रवर्द्धन गर्ने उद्देश्यले विगत केही वर्षदेखि पोखरामा पुष्प प्रदर्शनीको आयोजना हुँदै आएको छ । यही कात्तिक २३ गतेसम्म सञ्चालन हुने प्रदर्शनीको ३५ हजार बढीले अवलोकन गर्ने अपेक्षा आयोजकले लिएका छन्।

गोदावरी फूललाई केन्द्रित गरेर प्रदर्शनी राखिएको भए पनि सयपत्रीलगायत अन्य विभिन्न प्रजातिका फूल तथा बिरुवा बिक्रीवितरणका लागि राखिएको एसोसिएसनका अध्यक्ष सुवेदीले बताउनुभयो । प्रदर्शनीबाट पुष्प व्यवसाय गर्न चाहने किसान तथा फूलप्रति अभिरुचि राख्ने ग्राहकले प्रत्यक्ष लाभ लिइरहेको उहाँको भनाइ छ। पुष्प प्रदर्शनीको प्रवर्द्धकका रुपमा पोखरा महानगरपालिका र सहयोगीका रुपमा महानगरको आर्थिक विकास महाशाखा, कृषि शाखा, व्यवसाय प्रवर्द्धन केन्द्र, गण्डकी प्रदेश सरकारको कृषि मन्त्रालय, जिल्ला कृषि विकास कार्यालय र पोखरा उद्योग वाणिज्य सङ्घ रहेको छ।

पुष्प व्यवसायीका अनुसार पछिल्लो समयमा पोखरामा फूल खेतीप्रति आकर्षण बढ्दो छ । नर्सरीबाट बिरुवा लगेर गाउँगाउँमा फूल उत्पादन गर्ने किसान उत्तिकै छन् । उन्नत बीउबिजन, अनुदान र आधुनिक खेती प्रविधिले पुष्प व्यवसायमा किसानको आकर्षण बढ्दै गएको जनाइएको छ। पोखरासहित कास्कीका अन्य स्थानीय तहले पनि फूलखेती गर्ने किसानलाई अनुदान र प्रविधि सहयोग गर्दै आएका छन्।



दलहरुवीच ...

पोखरेलले प्रदेश सरकार विकास निर्माण र पुँजीगत खर्चका दृष्टिले महत्त्वपूर्ण रहेको बताउँदै प्रदेश सरकारको आवश्यकता नरहेको भन्ने बहसप्रति असहमति जनाउनुभयो । उहाँले एमाले अब सत्ताकेन्द्रित नभई जनताकेन्द्रित भएर अघि बढ्नुपर्ने र पार्टीभित्र सुधार तथा पुनर्गठन आवश्यक रहेको बताउनुभयो ।

कार्यक्रममा एमालेका केन्द्रीय सचिव खगराज अधिकारीले पार्टीलाई बलियो बनाउन गुटगत गतिविधि त्यागेर आन्तरिक एकता कायम गर्नुपर्ने बताउनुभयो ।

पोखरा गौशालामा 'पञ्चदिवसीय गाई पूजा महोत्सव-२०८३' को तयारी पुरा

पोखरापत्र संवाददाता
गण्डकी, २० कार्तिक



पोखरा महानगरपालिका वडा नं. १५ मझुवास्थित पोखरा गौशाला (गौ सेवा आश्रम) मा कात्तिक २१ गते शनिबारदेखि २५ गतेसम्म आयोजना हुने ' पञ्चदिवसीय गाई पूजा महोत्सव-२०८३' को सम्पुर्ण तयारी पुरा भएको छ।

तिहार (यमपञ्चक) को पावन अवसरमा स्थानीय रैथाने जातका गाईहरूको संरक्षण र संवर्द्धन गर्ने उद्देश्यले यो महोत्सव आयोजना गर्न लागिएको हो । कार्यक्रमका संयोजक लक्ष्मण पौडेलका अनुसार महोत्सव अवधिभर दैनिक बिहान ८:०० बजेदेखि आगन्तुकहरूका लागि स्थानीय जातका एक सय ५६ वटै गौमाताहरूको दर्शन तथा पूजाआजाको व्यवस्था मिलाइएको छ। "हिन्दू संस्कृतिमा गाईलाई माता, समृद्धि र करुणाको प्रतीक मानिन्छ । गाई तिहारको दिन मात्र नभई हरेक दिन पुजनीय र सेवायोग्य छन्," संयोजक पौडेलले भन्नुभयो, "पिपल र तुलसी जस्तै पूजनीय गाईको सेवा र दर्शनले मानिसमा सकारात्मक ऊर्जा र पुण्य प्राप्त हुन्छ ।" यस गौशालाका परिकल्पनाकार नन्दगोपाल दास हुनुहुन्छ । उहाँकै अवधारणा अनुसार छाडा छोडिएका र बेवारिसे स्थानीय गाईहरूको संरक्षण गर्न यो आश्रम स्थापना गरिएको हो । पूर्ण रूपमा दाताहरूले उपलब्ध गराउने पराल, चोकर र अन्य खुराक (दान) बाट संचालित यस गौशालाले तिहारको अवसरमा गौप्रेमीहरूलाई सहज रूपमा पूजा गर्ने वातावरण निर्माण गरेको छ।

नौ वर्ष अगाडि मात्र पाँचवटा गाईबाट सुरु गरिएको यस गौशालामा हाल गाईको संख्या बढेर एक सय ५६ पुगेको छ। तीमध्ये १० वटा गाई दुहुना रहेका छन्। फुलवारी रिसोर्टको तल्लो भागमा, सेती नदीको किनारमा अवस्थित करिब ६ सय रोपनी सार्वजानिक जग्गामा फैलिएको यस आश्रममा हाल पाँच वटा व्यवस्थित गोठहरू निर्माण गरिएका छन्। गौशालामा गाईहरूको रेखदेखका लागि पाँच जना गौसेवकहरू निरन्तर खटिएको आश्रमले जनाएको छ।

गौशाला पुग्नका लागि बुद्धचोक, पेन्सन क्याम्प रामबजार, वडा कार्यालय-१५, स्थानीयपाटन, गलेश्वर मन्दिर चोक हुँदै गण्डकी प्रदेश प्रहरी तालिम केन्द्र नजिकै पुग्ने मार्ग तय गरिएको आयोजक समितिले जनाएको छ।

गाई तिहारको अवसरमा गौसेवा, आहार दान तथा संरक्षण कार्यमा हातेमालो गर्न सम्पूर्ण आम नागरिक र गौप्रेमीहरूमा महोत्सवमा सहभागी भईदिन कार्यक्रम संयोजक पौडेलले आग्रह समेत गर्नुभएको छ।

योगेश गुरुङको टिमबाट सहारा क्लबलाई ७० हजार सहयोग

पोखरापत्र संवाददाता
पोखरा, २० कार्तिक

सामाजिक सेवासँगै नेपाली कला, संस्कृति र परम्पराको संरक्षणमा योगदान पुऱ्याउने उद्देश्यले यूके निवासी योगेश गुरुङ नेतृत्वले सहारा क्लबलाई ७० हजार रुपैयाँ आर्थिक सहयोग हस्तान्तरण गर्नुभएको छ।

गुरुङले धार्मिक यात्राबाट बचत भएको ६० हजार रुपैयाँ सहारा क्लबलाई सहयोग गर्नुभएको हो । त्यसैगरी, क्लबले आयोजना गर्न लागेको देउसी-भैलो कार्यक्रमका लागि उहाँले आफ्नो व्यक्तिगत तर्फबाट थप १० हजार रुपैयाँ सहयोग गर्नुभएको छ। सहारा एकेडेमीमा हालै एक समारोहका बिच ७० हजार रुपैयाँ क्लबलाई हस्तान्तरण गरिएको हो । यूकेको डाइमण्ड बुद्धिष्ट सेन्टरका संस्थापक महासचिव तथा निवर्तमान अध्यक्ष, भूम्दिकोट यूकेका अध्यक्ष, तमुधिँ यूकेका सल्लाहकार एवं सहारा यूकेका पूर्वसल्लाहकार गुरुङले सामाजिक तथा मानवीय सेवाप्रतिको जिम्मेवारीबोधगर्दैसहयोगगर्नुभएको क्लबले जनाएको छ । सहारा क्लबले आफ्नो स्थापनाकालदेखि नै नेपाली मौलिक कला, संस्कृति र परम्पराको संरक्षणसँगै सहारा आवासीय फुटबल एकेडेमीलाई सहयोग गर्ने उद्देश्यले हरेक वर्ष देउसी-भैलो कार्यक्रम सञ्चालन गर्दै आएको छ। यस वर्ष पनि क्लबले देउसी-भैलो कार्यक्रम आयोजना गर्ने तयारी गरेको क्लबका अध्यक्ष केशवबहादुर थापाले जानकारी दिनुभयो। उहाँका अनुसार क्लबका सदस्य तथा विभिन्न कलाकार हरूको सहभागितामा कार्यक्रम सञ्चालन गरिनेछ। कार्यक्रमबाट संकलित रकम सहारा आवासीय फुटबल एकेडेमीको सहयोगमा खर्च गरिनेछ। सहारा क्लबले सञ्चालन गर्दै आएको सूर्यबहादुर केसी स्मृति सहारा फुटबल एकेडेमीमा आश्रित बालबालिकाको शिक्षा, स्वास्थ्य, पालनपोषण तथा फुटबल प्रशिक्षणमा सहयोग पुऱ्याउने उद्देश्यले देउसी-भैलो कार्यक्रमलाई निरन्तरता दिइँदै आएको छ।

नेपाली कला र संस्कृतिको जगेर्नासँगै सामाजिक उत्तरदायित्व निर्वाह गर्ने अभियानमा गुरुङबाट प्राप्त सहयोगले क्लबको देउसी-भैलो कार्यक्रम तथा आवासीय एकेडेमी सञ्चालनमा थप टेवा पुग्ने क्लबले विश्वास लिएको छ।



फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादक: रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्ध सम्पादक: नारायण भण्डारी
कार्यालय: नयाँबजार, पोखरा, फोन: ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com,Website : www.pokharapatra.com.np मुद्रण: हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

सम्झनामा जगन्नाथ सिग्देल

भोजराज बराल

मेरा आदरणीय स्वर्गीय सहकर्मी तथा आत्मीय मित्र जगन्नाथ सिग्देलको निधनको दुःखद खबरले मलाई अत्यन्त मर्माहत बनाएको छ। उहाँका जेठा सुपुत्र, मेरा बाल्यकालदेखिका अनन्य मित्र तथा सहपाठी प्रकाश सिग्देल र म अमरसिंह माध्यमिक विद्यालय, रामेश्वर पोखरामा कक्षा ८, ९ र १० सम्म एउटै सेक्सनमा अध्ययन गरेका थियौं । उहाँ मिलनसार, सहयोगी र आत्मीय स्वभावका असल सहपाठी हुनुहुन्थ्यो ।

जगन्नाथ मित्र र म निजामती सेवामा प्रवेश गरेपछि सेवाकै सिलसिलामा गोरखा र नवलपर इसी जिल्लामा केही वर्ष सँगै काम गर्ने अवसर पाएँ । त्यसपछि संयोगवश आफ्नै गृहजिल्ला कास्कीस्थित भूमिसुधार कार्यालयमा सरुवा भई आउने अवसर मिल्यो । त्यस समयमा उक्त कार्यालयमा आदरणीय स्वर्गीय वृद्धि बहादुर बराल, स्वर्गीय दाजु वीरबहादुर भुजेल, तुलसीप्रसाद बराल, निर्मला देवी बराल, स्वर्गीय जगन्नाथ सिग्देल, स्वर्गीय घननाथ धिमिरे, स्वर्गीय कुलप्रसाद आचार्य लगायतका अग्रजहरूसँग करिब १२ वर्षसम्म एउटै कार्यालयमा सहकर्मीका रूपमा रहेर सेवा गर्ने सौभाग्य प्राप्त भएको थियो ।

स्वर्गीय जगन्नाथ सिग्देलज्यू अत्यन्त मृदुभाषी, मिलनसार, समझदार र सधैँ प्रसन्न मुद्रामा रहने व्यक्तित्व हुनुहुन्थ्यो उहाँ सधैँ मुस्कुराउँदै



बोल्ने, सबैसँग आत्मीय व्यवहार गर्ने र हँसिलो पाराले कुराकानी गर्ने गर्नुहुन्थ्यो । मलाई त उहाँले विशेष आत्मीयताका साथ 'भोजराज बाबु' भनेर सम्बोधन गर्नुहुन्थ्यो ।

मेरा अनन्य मित्र, बाल्यसखा तथा सहपाठी प्रकाश सिग्देलको पिता जगन्नाथ सिग्देलज्यूलाई मैले आफ्नै बुवाजस्तै असल अभिभावकका रूपमा पाएको थिएँ। उहाँले मलाई मात्र नभई कार्यालयका सम्पूर्ण सहकर्मी तथा मित्रहरूलाई अत्यन्त हार्दिकता, आत्मीयता र स्नेहका साथ व्यवहार गर्नुहुन्थ्यो । उहाँको त्यो आत्मीय व्यवहार, अभिभावकीय स्नेह र सरल स्वभाव आज पनि मेरो स्मृतिमा ताजै छ ।

त्यतिबेला उमेरका हिसाबले म कार्यालयका अन्य अग्रज कर्मचारीभन्दा कान्छो थिएँ। तत्कालीन भूमिसुधार कार्यालयमा पियन, मुखिया, खरिदार, कम्प्युटर सहायक, नायब सुब्बा र शाखा अधिकृतसमेत गरी करिब ३१ जनाको कर्मचारी दरबन्दी थियो । भूमिसुधार कार्यालयमा सेवा गर्दै गर्दा आदरणीय जगन्नाथ सिग्देल जस्ता अग्रजहरूको प्रेरणा, हौसला र मार्गदर्शनले मलाई आफ्नो शैक्षिक यात्रालाई समेत निरन्तरता दिन ठूलो प्रेरणा मिल्यो। उहाँहरूकै प्रेरणाबाट पृथ्वीनारायण बहुमुखी क्याम्पसमा प्रवीणता प्रमाणपत्र तहदेखि स्नातक तहसम्म बिहानको कक्षामा अध्ययन गर्ने शुभ अवसर प्राप्त भएको थियो ।

म उहाँलाई कहिलेकाहीं हाँसीमजाक गर्दै भन्ने गर्थें, 'बुवा, हजुरको छोरा मेरो स्कुलदेखिको साथी, अनि कार्यालयमा पनि हजुरसँगै सहकर्मी भएर काम गर्ने अवसर मिल्यो। अब नाताले मात्र होइन, उमेर र सम्बन्धले पनि हामी साथी नै भयौं, होइन र?' यस्ता आत्मीय कुराकानीले हाम्रो सम्बन्धलाई अझ नजिक र प्रगाढ बनाएको थियो। ती दिनका हाँसो, ठट्टा र आत्मीय संवादहरू आज सम्झँदा मन भावविह्वल हुन्छ । उहाँले कार्यालयमा सहकर्मीहरूबीच नेतृत्वदायी भूमिका निर्वाह गर्नुका साथै सबै कर्मचारीको मनोबल उच्च राख्न सधैँ प्रेरित गर्नुहुन्थ्यो। सहकर्मीहरूलाई साहस, आत्मविश्वास र सकारात्मक सोचका साथ अघि बढ्न प्रेरणा दिने, आवश्यक सल्लाह, सुझाव र मार्गदर्शन प्रदान गर्ने उहाँको स्वभाव अत्यन्त प्रशंसनीय थियो । उहाँका विचार र सुझावहरू सधैँ वजनदार, व्यावहारिक र प्रेरणादायी हुने गर्दथे ।

मेरो घर आर्वा विजय गाउँ विकास समितिमा भएकाले पनि उहाँलाई नजिकबाट चिन्ने, बुझ्ने र उहाँको सामाजिक व्यक्तित्वलाई नियाल्ने अवसर पाएको थिएँ । उहाँ एक असल समाजसेवी, सामाजिक व्यक्तित्व, मृदुभाषी, सरल, नम्र, मिलनसार तथा सबैका प्रिय व्यक्ति हुनुहुन्थ्यो। उहाँको व्यवहार, बोलीवचन र जीवनशैलीबाट धेरै कुरा सिक्न सकिन्थ्यो । उहाँको व्यक्तित्व हामी सबैका लागि अनुकरणीय थियो ।

आज उहाँ हामीमाझ भौतिक रूपमा रहनुभएन। तर उहाँसँग बिताएका ती आत्मीय क्षणहरू, उहाँको हँसिलो मुहार, मिठासपूर्ण बोली, अभिभावकीय स्नेह र प्रेरणादायी व्यवहार मेरो मानसपटलमा सधैँ जीवित रहनेछन्। मानिसको भौतिक शरीर नश्वर भए पनि उसले समाज र आफन्तजनको हृदयमा छोडेर जाने असल संस्कार, सद्भाव र स्मृतिहरू कहिल्यै मेटिँदैनन् । स्वर्गीय जगन्नाथ सिग्देलज्यूले छोडेर जानुभएका यिनै अमूल्य सम्झनाहरू सधैँ हाम्रो मनमा रहिरहनेछन् । अन्त्यमा, दिवंगत आत्माको चिरशान्तिको कामना गर्दै भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछु। साथै, शोकसन्तप्त परिवारजन, आफन्त तथा इष्टमित्रमा यस अपूरणीय क्षतिलाई सहन गर्ने शक्ति प्राप्त होस् भन्ने कामनासहित हार्दिक समवेदना व्यक्त गर्दछु ।

स्वीस नागरिक स्यूमरको राधाकृष्ण वृद्धाश्रमलाई १५ वर्षदेखि सहयोग

पोखरापत्र संवाददाता

पोखरा, २० कार्तिक

पोखरा महानगरपालिका-३२ स्थित राधाकृष्ण वृद्धाश्रममा विगत १५ वर्षदेखि निरन्तर सामाजिक तथा आर्थिक सहयोग गर्दै आएका स्विट्जरल्यान्डका नागरिक मिस्टर क्रिस्टोफ स्यूमरलाई आश्रममा भव्य स्वागत तथा सम्मान गरिएको छ ।

स्विट्जरल्यान्डमा वृद्धाश्रमसँग आबद्ध स्यूमरले सिड फाउन्डेसनका निर्देशक दामोदर भक्त थापाको समन्वयमा डेढ दशकअघि राधाकृष्ण वृद्धाश्रमसँग जोडिएर ज्येष्ठ नागरिकको सेवा र आश्रमको भौतिक तथा व्यवस्थापकीय सुधारमा सहयोग गर्दै आएका हुन् । उनले आश्रममा पाँचकोटे भवन, चौतारो, पार्क तथा शौचालय निर्माण, खाद्यान्न र न्यानो कपडाको व्यवस्था गर्नुका साथै स्वास्थ्यकर्मी, भान्सेसहित चार जना कर्मचारीको व्यवस्थापनमा निरन्तर सहयोग गर्दै आएका छन् । उनको अतुलनीय सहयोगले आश्रमको सेवा र व्यवस्थापनलाई थप व्यवस्थित बनाउन महत्वपूर्ण योगदान पुगेको संस्थाका प्रथम उपाध्यक्ष शोभामोहन पौडेलले बताए । सम्मान कार्यक्रममा स्यूमरले आफू सन् १९७० देखि नै नेपाल आउँदै गरेको स्मरण गर्दै तत्कालीन समयमा नेपालको विकास र यातायातको अवस्था सहज नरहेको बताए । निर्देशक दामोदर भक्त थापासँगको निकटताका कारण राधाकृष्ण वृद्धाश्रममा सेवा गर्ने अवसर प्राप्त भएको उनको भनाइ थियो ।आश्रममा रहेका ज्येष्ठ नागरिकको अवस्था देखेपछि



मानवीय सेवाप्रतिको भावना अझ बलियो बनेको बताउँदै उनले सुरुवाती दिनमा पाँचकोटे भवन निर्माणमा सहयोग गरेको स्मरण गरे । आश्रम परिसरमा रोपिएका वरपीपल र निर्माण गरिएको चौतारो ज्येष्ठ नागरिकलाई शीतलता प्रदान गर्ने सेवाको प्रतीक बनेको उनले उल्लेख गरे ।

माया, ममता, सुरक्षा, आदर, सम्मान, हेरचाह र स्वच्छ वातावरणले मात्रै वृद्धाश्रम सुरक्षित र व्यवस्थित बन्ने बताउँदै स्यूमरले आफूले गर्दै आएको सहयोगलाई निरन्तरता दिने प्रतिबद्धता व्यक्त गरे । नेपाल र नेपालीप्रति आफू सदैव आभारी रहेको उल्लेख गर्दै उनले मानवसेवा नै सबैभन्दा ठूलो धर्म भएको बताए । १५ वर्षको सहकार्यमा कुनै ठूलो बाधा अवरोधबिना सेवा निरन्तर अगाडि बढ्न सकेकोमा खुसी व्यक्त गर्दै उनले व्यवस्थापन समिति र आश्रममा आश्रित ज्येष्ठ नागरिकप्रति सदैव माया र सद्भाव रहने बताए । सबैले एउटै उद्देश्यका साथ ज्येष्ठ नागरिकको हेरचाह गरी उनीहरूलाई गर्वका साथ जीवनयापन गर्ने वातावरण बनाउनुपर्नेमा उनले जोड दिए ।

सो अवसरमा सिड फाउन्डेसनका निर्देशक दामोदर भक्त थापाले विदेशी सहयोगमा मात्रै निर्भर नभई संस्था आफैं आत्मनिर्भर बन्नुपर्ने बताए । उनले वृद्धाश्रमलाई दीर्घकालीन रूपमा सञ्चालन गर्न अक्षयकोष स्थापना गर्नुपर्नेमा जोड दिँदै नेपाल सरकार, समाज कल्याण परिषद् तथा स्थानीय सरकारसँग सहकार्य गरेर सेवा विस्तार गर्न आग्रह गरे । संस्थाका अध्यक्ष विश्वराज लामिछानेले आश्रमलाई निरन्तर सहयोग गर्दै आएका क्रिस्टोफ स्यूमर, उनकी धर्मपत्नी तथा परिवारप्रति आभार व्यक्त गरे । दाताबाट प्राप्त सहयोगको उचित सदुपयोग गर्दै संस्थालाई थप व्यवस्थित र मजबुत बनाउने प्रतिबद्धता व्यक्त गर्दै उनले अन्य संघसंस्था तथा सहयोगी मनहरूलाई पनि सहकार्यका लागि आग्रह गरे । कार्यक्रममा संस्थापक अध्यक्ष प्रेम लिगल, सिड फाउन्डेसनका अध्यक्ष मदन थापा, राधाकृष्ण मन्दिरका सहअध्यक्ष रामचन्द्र सिग्देललगायतले विभिन्न संघसंस्था तथा दाताको सहयोगबाट आश्रमले गण्डकी प्रदेशमै उदाहरणीय सेवा प्रदान गर्न सफल भएको बताए ।

महासचिव रजनी लामिछानेले सञ्चालन गरेको कार्यक्रममा हाल राधाकृष्ण वृद्धाश्रममा पाँच दर्जनभन्दा बढी ज्येष्ठ नागरिक आश्रित रहेको जानकारी दिइयो ।

मंगलामा मौरीपालनबाट आयआर्जन तथा रोजगारी प्रवर्द्धन परियोजना

पोखरापत्र संवाददाता

म्याग्दी, २० कार्तिक

म्याग्दीको मङ्गला गाउँपालिकामा यस वर्ष व्यावसायिक मौरीपालनबाट आयआर्जन तथा रोजगारी प्रवर्द्धन परियोजना सञ्चालन हुने भएको छ। गण्डकी प्रदेश सरकारको मुख्यमन्त्री नवप्रवर्तन साझेदारी कार्यक्रमका लागि मङ्गला गाउँपालिकाको परियोजना स्वीकृत भएको हो । मङ्गलाका प्रमुख प्रशासकीय अधिकृत अमृत दाहालले प्रदेश सरकारको ७० र गाउँपालिकाको ३० प्रतिशत लागत साझेदारीमा रु एक करोड बजेटको परियोजना प्रस्ताव स्वीकृत भएको जानकारी दिनुभयो ।

"व्यावसायिक मौरीपालनको माध्यमबाट रोजगारी सिर्जना र किसानको आयआर्जन सुधार गर्ने उद्देश्यले परियोजना सञ्चालन गर्न लागिएको हो," उहाँले भन्नुभयो "किसानलाई मौरीपालन गर्न प्रविधि र ज्ञान, सीप सहयोग गरिनेछ ।" गण्डकी प्रदेश सरकारले रु ७० लाख बजेट उपलब्ध गराउने परियोजनामा गाउँपालिकाले रु ३० लाख लगानी गर्ने भएको छ । सम्झौतापछि चालु



आर्थिक वर्षभित्रनै परियोजना सम्पन्न हुने गरी कार्यान्वयन हुने गाउँपालिकाले जनाएको छ । मध्य पहाडी क्षेत्रमा पर्ने मङ्गला गाउँपालिकाको कुहुँ, पूर्णगाउँ, बरङ्जा, अर्मन र बाबियाचौरमा परम्परागत हिसाबले मौरीपालन हुँदै आएको छ ।

मौरीपालन गर्दै आएकालाई विस्तार र नयाँ किसानलाई आकर्षिक गराउनका लागि परियोजना सञ्चालन गर्न लागिएको मङ्गला गाउँपालिकाका अध्यक्ष सतप्रसाद रोकाले बताउनुभयो । मौरीपालन गर्दै आउनुभएका मङ्गला गाउँपालिका-३ बरङ्जा निवासी संविधानसभा सदस्य गमबहादुर श्रीसले परियोजनालाले किसानहरुलाई उत्साहीत बनाएको बताउनुभयो । मुख्यमन्त्री नवप्रर्वतन साझेदारी कार्यक्रम कार्यान्वयनका लागि मङ्गलासहित गण्डकीका ११ वटा स्थानीय तहका प्रस्ताव स्वीकृत भएका छन् ।

मुख्यमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयका अनुसार गोरखाको पालुङटार नगरपालिकामा गरिबी निवारणका लागि एकीकृत कृषि तथा पशुपन्छी विकास, आरुघाटमा कृषकको आर्थिकस्तर सुधारका लागि बाख्रा विकास, तनहुँको घिरिङ गाउँपालिकामा खाली जग्गा मसलाजन्य बस्तु उत्पादन र ब्यास नगरपालिकाको उद्यमशीलतायुक्त सांस्कृतिक गाउँ (बेनीकोट कृषि तथा पर्यटन प्रवर्द्धन) परियोजना छनोट भएको छ । स्याङ्जाको फेदीखोला गाउँपालिकाको डिजिटल लर्निङसम्बन्धी प्रविधि, कास्कीको रुपमा गाउँपालिकाको रुपा समृद्धिको लागि सस्तो लागतमा दूध उत्पादन, पर्वतको पैयु गाउँपालिकाको महिला नेतृत्वमा हाई-टेक टनेल तथा स्मार्ट कृषि बजार ब्यवस्थापन, बागलुङ नगरपालिकाको एकीकृत क्युआर इ-हाउसिङ, डाटा सेन्टर तथा सामाजिक आर्थिक सूचना प्रणाली, काठेखोला गाउँपालिकाको विद्यार्थी केन्द्रीत विद्यालय फलफूल बर्गैचा कार्यक्रम र बडिगाड गाउँपालिकाको कार्यालय डिजिटलाइजेशन परियोजना छनोट भएको छ ।

तपाईको आज

मेष	: कार्यमा सफलता	तुला	: सत्कार मिल्नेछ
वृष	: झमेला बढ्ने	वृश्चिक	: मानसिक तनाब
मिथुन	: शत्रुको भय	धनु	: सहयोग मिल्नेछ
ककर्ट	: ब्यापारमा लाभ	मकर	: स्वास्थ्यमा सुधार
सिंह	: अप्रत्यसित लाभ	कुम्भ	: शुभ यात्रा
कन्या	: शारीरिक झमेला	मीन	: आर्थिक समस्या

हरिसिद्धि भविश्यवाणी केन्द्र

पोखरा-१६, जोगिमणीमार्ग, मोबाइलः ९८५६०२०५८६

चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस् ।

गैह्रबैकिङ सम्पत्ति लिलाम बिक्री सम्बन्धी गोप्य शिलबन्दी बोलपत्र आव्हानको सूचना

मिति २०८३/०७/२१ गते

यस पोखरा रोयल बचत तथा ऋण सहकारी संस्था लिमिटेडको स्वामित्वमा रहेको तपशिल बमोजिमको घर जग्गा जे जस्तो अवस्थामा छ, सोही अवस्थामा गोप्य शिलबन्दी बोलपत्र मार्फत लिलाम बिक्री गरिने भएको हुँदा खरिद गर्न इच्छुक व्यक्ति तथा संस्थाहरुले यस सहकारीबाट उपलब्ध गराईने बोलपत्र फाराममा उल्लेखित शर्तहरुको अधिनमा रही आफूले कबुल गरेको रकमको १० (दश) प्रतिशतका दरले हुने रकम धरौटी बापत जम्मा गरेको बैंक भौचर गोप्य शिलबन्दी पत्र साथमा संलग्न गरी यो सूचना प्रकाशित भएको मितिले १५(पन्ध्र) दिनभित्र कार्यालय समयमा यस सहकारीको प्रधान कार्यालय, बुद्धचोक, पोखरामा लिलाम बिक्री गोप्य शिलबन्दी बोलपत्र फाराम रितपूर्वक भरी पेश गर्नु हुन यसै सूचनाद्धारा आव्हान गरिन्छ । यस सहकारी समक्ष प्राप्त हुन आएका बोलपत्रहरु १६ (सोह्र) औं दिनमा सो दिन बिदा भएमा त्यस लगतै कार्यालय खुल्ने दिन तपशिलमा उल्लेखित मिति, समय र स्थानमा खोलिने हुँदा सोही स्थानमा उपस्थित हुन समेत इच्छुक खरिदकर्ता/बोलपत्रवाला वा निजको आधिकारिक प्रतिनिधिलाई यसै सूचनाद्धारा सूचित गरिएको छ । तर उक्त दिन निजहरु अनुपस्थित रहेमा पनि बोलपत्र खोल्न कुनै बाधा पुग्नेछैन । तोकिएको दिन विदा परेमा सोको भोलिपल्ट दिनको १ बजे बोलपत्र खोलिनेछ । प्राप्त हुन आएका बोलपत्रहरु कारण खुलाई वा नखुलाई प्राप्त बोलपत्रहरु स्वीकृत गर्ने/नगर्ने वा रद्द गर्ने वा छलफल गर्ने सम्पूर्ण अधिकार यस सहकारीमा सुरक्षित रहनेछ । साथै बोलपत्र सम्बन्धी शर्तहरु बोलपत्र फारममा उल्लेख गरिए बमोजिम हुनेछ । उपरोक्त बिषयमा थप बुझ्न चाहने महानुभावहरुले कार्यालय समयभित्र सहकारीको प्रधान कार्यालय बुद्धचोकमा सम्पर्क गर्नुहोला ।

तपशिल

बोलपत्र खुल्ने मिति : २०८३/०८/०७ गते सोमबार

समय : दिनको १ बजे ।

स्थान : संस्थाको प्रधान कार्यालय बुद्धचोक, पोखरा कास्की

तपशिलः

सि.नं.	जिल्ला	गा.बि.स.	वडा नं.	सिट नं.	कित्ता नं.	क्षेत्रफल	कैफियत
१.	कास्की	शिशुवा	२	०९४११२६०१	७८४६ र ३३५७	०-४-०-३ र २-०-०-०	जग्गा
२.	कास्की	देउराली देउराली	४ ५	०९४१२५३ ०९४११७३	३८१ ९४९	६-४-२-२ १-३-०-०	जग्गा जग्गा
३.	तनहुँ	ढोरफिर्दी	१	१ घ	४८९ र ४९१	०-३-३-३ र ०-०-२-०	जग्गा
४.	तनहुँ	जामुने	९	९ क	२८५	२-०-०-०	जग्गा
५.	तनहुँ	धवादी पार्वतीपुर	८	८ घ	३२	५-०-१-३	जग्गा
६.	तनहुँ	ढोरफिर्दी	३	३ क	२५८३	०-६-१-३	घरजग्गा
७.	कास्की	ग्यारजाती	५	०९३०८७७	१४५५	०-१४-०-०	जग्गा

पोखरा रोयल बचत तथा ऋण सहकारी संस्था लिमिटेड

Pokhara Royal Saving & Credit Co-operative Society Limited

Head Office: Pokhara-10, Buddhachowk, Kaski, Nepal | ☎: 061-588833, 587833, 570833, 570933

E-mail: info@royalcooperative.com Website: www.royalcooperative.com

उच्चलेकका याकचौँरी बँसीमा

पोखरापत्र संवाददाता
मुस्ताङ, २० कार्तिक



चिसोबाट जोगाउँन मुस्ताङको उच्चलेकबाट याकचौँरीका बथान बँसी झारिएको छ । समूद्री सतहको चार हजारदेखि पाँच हजार मिटरसम्मको उचाइमा घुम्ती गोठ खडा गरी पालिएका याकचौँरी हिउँदयाममा हिमपात र चिसोको जोखिम हुने भएकाले सुरक्षित स्थानमा स्थान्तरण गरिएको हो ।

वर्षामा वैशाखदेखि असोज महिनासम्म उच्चलेकमा र हिउँदयाममा कात्तिकदेखि चैत महिनासम्म उच्चलेकका याकचौँरी बस्ती नजिक सारिने चलन छ । हिउँदयामको मौसममा पाटन र खर्कमा हिमपात र चिसोको जोखिम हुने भएकाले त्यहाँ व्यवस्थापन गरिएका याकचौँरी बस्ती छेउ स्थानान्तरण गर्ने गरिएको याकचौँरी कृषक महासङ्घ नेपालका केन्द्रीय महासचिव सोजन हिराचनले जानकारी दिनुभयो ।

हिउँदयामको जाडो मौसममा हिमपात र चिसोको जोखिम मात्रै नभई उच्चलेकका चरनक्षेत्रमा घाँसको अभाव हुने, आहारा व्यवस्थापनमा कठिनाइ हुने, खानेपानीको समस्या हुने, याकचौँरी रेखदेख र याकचौँरी हेर्न खटिएका गोठालाको दैनिकी कष्टकर हुने लगायतका कारण उच्चलेकका याकचौँरी हिउँदयामको पाँच महिना बस्ती नजिक सार्ने गरिएको हो । मुस्ताङको थासाङ गाउँपालिकामा २७ बढी घरधुरीले करिब एक हजार ५०० बढी याकचौँरीपालन व्यवसाय गरेका छन् । त्यहाँका पालकहरुले वर्षामा गर्मी मौसममा नीलगिरि हिमालको फेद नजिकैको मार्चे लेक, धौलागिरि आइसफल र बतासे लेक नजिकको उच्चलेक, पाटन र खर्कमा घुम्ती गोठ व्यवस्था गरी याकचौँरीपालन गर्दै आइरहेका छन् ।

यसरी पालन गरिएका याकचौँरी हिउँदयाम सुरु भइसकेकाले बस्ती नजिक झार्ने क्रम सुरु भइसकेको हो । थासाङ गाउँपालिका-१, टकुचेमा तीन घरधुरीले करिब २५० वटा याकचौँरी पालेका छन् । थासाङ–२ को सौरु, सिर्खुम, नाकुम, कोवाङ, लार्जुङ, नाउरिकोट, घट्टे खोला, छात्ताङ र नाउरिकोट लगायतका गाउँमा करिब २० घरधुरीले हजार बढी याकचौँरी पालेका छन् ।

यसैगरी, थासाङ–४ को झिप्रा देउरालीमा दुई घरधुरीले ८० बढी याकचौँरीपालन व्यवसाय गरेका छन् भने थासाङ–५ ताक्लुङमा दुई घरधुरीले १३० बढी याकचौँरीपालन व्यवसाय अपनाएको याकचौँरी कृषक महासङ्घ नेपालका महासचिव हिराचनले जानकारी दिनुभयो । हिमाली जिल्ला मुस्ताङका पाँचै स्थानीय तहमा गरी ६७ वटाभन्दा बढी गोठमा करिब पाँच हजारभन्दा बढी याकचौँरी व्यवसायिक रुपमा पालन भइरहेको महासचिव हिराचनले उल्लेख गर्नुभयो । उहाँका अनुसार थासाङबाहेक घरपझोङ गाउँपालिका–४ जोमसोममा तीन गोठ, घरपझोङ–३ स्याङमा दुई गोठ र घरपझोङ–२ मार्फामा दुई गोठमा गरी करिव ७०० बढी याकचौँरीपालन गरिएको छ ।

वारागुङ मुक्तिक्षेत्रमा ३०० बढी याकचौँरी रहेका छन् भने लोमान्थाङ गाउँपालिकामा एक हजार ५०० बढी याकचौँरी पालन भइरहेको महासचिव हिराचनको भनाइ छ । मुस्ताङको लोघेकर दामोदरकुण्ड गाउँपालिकामा दुई घरधुरीले करिव ४०० बढी याकचौँरीपालन गरेको उहाँले बताउनुभयो । हिमाली जिल्ला मुस्ताङमा सदियौँ वर्षदेखि परम्परागत रुपमा याकचौँरीपालन हुँदै आएको छ । यहाँका किसानले याकचौँरी पालन व्यवसायबाट चित्तबुझ्दो आम्दानी लिनसक्ने अवस्था रहे पनि याकचौँरीपालन व्यवसाय जोखिम र चुनौतीपूर्ण बन्दै गएको छ । अन्नपूर्ण संरक्षित क्षेत्र मुस्ताङका उच्चलेक, पाटन र खर्कमा हिमचितुवा, चितुवा र ब्वाँसो लगायतका वन्यजन्तुको आक्रमणबाट याकचौरी क्षति हुने घटनाले यहाँका पशुपालन किसान चिन्तित छन् ।

जलवायु परिवर्तनका कारण मुस्ताङका उच्चलेकको चरनक्षेत्रमा घाँस पलाउन कम हुनु र अनधिकृत घाँस पलाउँदा याकचौँरीको चरनक्षेत्र खुम्चिन थालेको कृषि तथा पशु विकास प्रमुख डा लालमणि अर्याललले जानकारी दिनुभयो । मुस्ताङमा बेमौसमी वर्षा, खानेपानी मुहान सुक्दै जानु र हिमपाहिरोको उच्चजोखिम हुने भएकालेपरम्परागतयाकचौँरीपालन व्यवसायी चुनौतिपूर्ण बन्दै गइरहेको प्रमुख डा अर्यालको भनाइ छ ।

पछिल्लो समय याकचौँरीपालन व्यवसाय चुनौतीपूर्ण बन्दै गइरहे पनि सरकारी अनुदान र प्रोत्साहनका कारण पशुपालक किसानको संख्या भने वृद्धि हुन थालेको छ ।

कृषि तथा पशु विकास शाखा र स्थानीय तहका पशु शाखाबाट याकचौँरी खरिदमा अनुदान, पूर्वाधार निर्माण आहारा व्यवस्थापन र प्राविधिक सहयोगका कारण याकचौँरीपालन किसान उत्साहित बनेका हुन् ।

पछिल्लो समय सरकारबाट याकचौँरीपालन गर्ने किसानलाई बीमामा आवद्ध गराई ८० प्रतिशतसम्म बीमा सहुलियत प्रदान गरिएपछि पशुपालकहरुलाई ठूलो राहत पुगेको घरपझोङका याकचौरी पालक पेम्मा गुरुङले जानकारी दिनुभयो । याकचौँरीपालनबाट दूध, दही, घ्यु, छुर्पी लगायतका परिकार बनाएर किसानले मुनाफा कमाइरहेका छन् ।

पालन गरिएका याक वयस्क भएपछि मासुको प्रयोजनमा समेत बिक्री हुन्छ भने याकचौँरीको पुच्छर महँगो मूल्यमा बिक्री हुन्छ । मुस्ताङको थासाङ गाउँपालिका र घरपझोङ गाउँपालिकामा बर्सेनि साउन र वैशाख महिनामा याकचौँरीको आलो रगत निकालेर बिक्री गर्ने गरिन्छ । किसानले याकचौँरीको रगत बिक्री गरी दोहोर फाइदा लिने गरेका छन् । हिमाली जिल्लाको चिसो हावापानीमा हुर्काइएका याकको मासु स्वादिलो र स्वास्थ्यवर्द्धक मानिन्छ । उच्चलेकमा वन्य जडीबुटी सेवन गर्ने भएकाले याकको मासु खानाले स्वास्थ्यलाई फाइदा पुग्ने जनविश्वास छ । मुस्ताङमा वयस्क याकको मूल्य एक लाख ५० हजार पर्छ ।

थाइल्याण्डविरुद्ध नेपालको जित

रासस
काठमाडौं, २० कार्तिक

चीनमा जारी 'बेल्ट एण्ड रोड' यु-१९ महिला क्रिकेट सिरिजमा नेपाललले लगातार तेस्रो जित निकालेको छ । तेस्रो जित निकाल्ने क्रममा नेपाललले शुक्रबारको खेलमा थाइल्याण्डलाई ५२ रनले पराजित गरेको हो ।

यो खेलमा पहिला ब्याटिङ गर्दै नेपाललले निर्धारित २० ओभरमा पाँच विकेट गुमाएर १०० रन बनायो । नेपालका लागि कप्तान सोनि पाख्रिनले ३२, साना प्रवीणले २५ र अञ्जिला पाठकले १३ रन बनाइन् । १०१ रनको लक्ष्यका साथ जवाफी ब्याटिङमा उत्रिएको थाइल्याण्ड १९ दशमलव दुई ओभरमा ४८ रनमै अलआउट भयो । उसका लागि कुनै पनि ब्याटरले सम्झनलायक प्रदर्शन गर्न सकेनन् । नेपालका लागि बलिङतर्फ कप्तान सोनि पाख्रिनले तीन तथा अनु कडायत, मनिषाकुमारी उपाध्याय र रिया शर्माले समान दुई/दुई विकेट लिइन् ।

यस प्रतियोगितामा नेपालसहित आयोजक चीन, हङकङ र थाइल्याण्डले प्रतिस्पर्धा गरिरहेका छन् । नेपालले आगामी वर्ष घरेलु मैदानमा हुने आइसिसी यु-१९ महिला विश्कपको तयारी स्वरूपमा चीनमा श्रृङ्खला खेलिरहेको हो । चीनमा श्रृङ्खला खेलेपछि नेपाली टोलीले भारतमा अभ्यास गर्ने तालिका छ ।

तपशिल बमोजिमका ऋणी सदस्यहरूलाई ऋण चुक्ता गर्न आउने बारे २१ दिने सूचना

(प्रथम पटक प्रकाशित मितिः २०८३/०५/२६ गते)
दोस्रो पटक प्रकाशित मितिः २०८३/०७/२१ गते)

यस बिरुवा बचत तथा ऋण सहकारी संस्था लि.बाट तपशिलमा उल्लेखित सदस्यहरुले अचल सम्पत्ति धितो सुरक्षण राखी ऋण लिनु भएकोमा उक्त ऋण रकमको नियमित रुपमा संस्थालाई तिर्नु बुझाउनुपर्ने साँवा, व्याज तथा अन्य दै-दस्तुर समयभित्र नतिरी, नबुझाई संस्थासँग गर्नुभएको सम्झौता उल्लङ्घन गरी बस्नु भएको र मौखिक, लिखित, एस.एम.एस, टेलिफोन मार्फत पटक-पटक कर्जा भुक्तानी गर्न तर-ताकेता गरिएको भएतापनि कर्जा चुक्ता गर्न कुनै चासो नदेखाई आलटाल गरी आफुले बुझाउनुपर्ने रकम बुझाउन कुनै पहल नगरेको हुँदा यो सूचना प्रकाशित गरिएको छ । अतः सामाजिक प्रतिष्ठा र प्रचलित ऐन कानुनको ख्याल गरी यो सूचना प्रकाशित भएको मितिले २१ (एक्काइस) दिनभित्र यस संस्थालाई बुझाउनु पर्ने सम्पूर्ण साँवा, व्याज तथा अन्य दै-दस्तुर रकम बुझाउनुहुन अनुरोध गरिन्छ । यो सूचनाको वेवास्था गरेमा सहकारी ऐन, सहकारी नियमावली तथा प्रचलित कानुन बमोजिम धितो लिलामी प्रकृया अगाडि बढाइने र धितो नपुग हुने देखिएमा थप धितो तथा हक लाग्ने अन्य जाय जेथाको खोजी गरि रोक्का राखि कर्जा सूचना केन्द्र तथा ऋण असुली न्यायाधिकरणमा विवरण पठाई कानुन बमोजिम कारबाही अगाडि बढाउन संस्था तथा संचालक समिति बाध्य हुने व्यहोरा समेत यसै सूचना मार्फत जानकारी गराइन्छ ।

तपशिल :


ऋणी तथा धनजमानतको नाम थर	धन जमानी दिनेको बिवरण	कर्जा रकम विवरण
ऋणीको नाम : दुर्गा गिरी नागरिक्ता नं. :४३०४७, स्याङ्जा बाबु/पतिको नाम : भरत गिरी बाजे/ससुराको नाम : ख्यामलाल गिरी स्थायी ठेगाना : रापाकोट -५, स्याङ्जा हालको ठेगाना : पोखरा -१७, कास्की कर्जा नं. : एच.एल. २०५	**धन जमानी दिनेको नाम : भरत गिरी** नागरिकता नं. : ५७८, स्याङ्जा बाबु/पतिको नाम : ख्यामलाल गिरी बाजे/ससुराको नाम : तुला गिरी स्थायी ठेगाना : रापाकोट -५, स्याङ्जा हालको ठेगाना : पोखरा -१७, कास्की	साँवा रकम रु. १,१५,००,००० ब्याज रकम रु. ३९,३४,९८६.०३ अन्य रकम रु ४,३३,६२५.८६ जम्मा तिर्न बाँकी रकम रु. १,५८,६८,६११.८९
ख्यामलाल गिरीको बुहारी भरत गिरीको श्रीमती दुर्गा गिरीको नाममा मालपोत कार्यालय कास्कीमा एकलौटी दर्ता श्रेष्ता कायम रहेको कास्की जिल्ला पोखरा महानगरपालिका वडा नं १७ कित्ता नं ८८ र १३८,क्रमश २३५ ब.मी र ३६५ ब.मी क्षेत्रफल रहेको जग्गा ।		
ऋणीको नाम : सुक माया परियार नागरिकतानं. : ४६-०१-७१-००२५९ कास्की बाबु/पतिको नाम : मिन बहादुर परियार बाजे/ससुराको नाम : पहले स्थायी ठेगाना : पोखरा -७, कास्की हालको ठेगाना : पोखरा -७, कास्की कर्जा नं. : एच.एल. १९३	**धन जमानी दिनेको नाम : मिन बहादुर परियार** नागरिकता न : १०८०६७ कास्की बाबु/पतिको नाम : पहले परियार बाजे/ससुराको नाम : चिते परियार स्थायी ठेगाना : पोखरा -७, कास्की हालको ठेगाना : पोखरा -७, कास्की	साँवा रकम रु. १८,००,००० ब्याज रकम रु. २,७३,७९६.८९ अन्य रकम रु. ८,५९७.०४ जम्मा तिर्न बाँकी रकम रु. २०,८२,३९३.९३
पहलेको बुहारी मिन बहादुर परियारको श्रीमती सुक माया परियारको नाममा मालपोत कार्यालय कास्कीमा एकलौटी दर्ता श्रेष्ता कायम रहेको कास्की जिल्ला लुकुमस्वाँरा ८ को कित्ता नं ७६, १-५-२-१ क्षेत्रफल रहेको जग्गा ।		
ऋणीको नाम : मनोजराज आचार्य नागरिकता नं. : १२७७५६ बाबु/पतिको नाम : लिलाराज बाजे/ससुराको नाम : बेणिमाधव स्थायी ठेगाना : भरतपोखरी -९, कास्की हालको ठेगाना : पोखरा -३३, कास्की कर्जा नं. : बि.एल ०१३८	**धन जमानी दिनेको नाम : अप्सरा पौडेल** नागरिकता न :४६३००४/२४८ बाबु/पतिको नाम : मनोजराज आचार्य बाजे/ससुराको नाम : लिलाराज स्थायी ठेगाना : निर्मलपोखरी -८, कास्की हालको ठेगाना : पोखरा -३३, कास्की	साँवा रकम रु. ११,१०,००० ब्याज रकम रु. ३,७३,३१६.२२ अन्य रकम रु. १,५१,४२५.३२ जम्मा तिर्न बाँकी रकम रु. १२,६४,२७२.९७
धितोको विवरण : ऋणीको नाम मालपोत कार्यालय कास्कीमा एकलौटी दर्ता श्रेष्ता कायम रहेको कास्की जिल्ला भरतपोखरी वडा नं ९ (हाल निर्मलपोखरी -२१) को कित्ता नं १२०४ को २-०-०-०, क्षेत्रफल रहेको जग्गा ।		
ऋणीको नाम : प्रेम बहादुर विश्वकर्मा नागरिकता नं. : २८६ बाबु/पतिको नाम : छबिलाल विश्वकर्मा बाजे/ससुराको नाम : धनराज विश्वकर्मा स्थायी ठेगाना : निर्मलपोखरी -१, कास्की हालको ठेगाना : पोखरा -२१, कास्की कर्जा नं. : एच.ल ०१५२	**धन जमानी दिनेको नाम : अर्जुन विश्वकर्मा** नागरिकता नं.: ४६-०१-७२-०५३१० बाबु/पतिको नाम : छबिलाल विश्वकर्मा बाजे/ससुराको नाम : धनराज विश्वकर्मा स्थायी ठेगाना : पोखरा-२३, कास्की हालको ठेगाना : पोखरा -२१, कास्की	साँवा रकम रु. १३,७०,००० ब्याज रकम रु. २,७६,६२४ अन्य रकम रु. ६५,८७१.२५ जम्मा तिर्न बाँकी रकम रु. १७,१२,४९५.२५
धन ाजको नाति छविलालको छोरा प्रेम बहादुर विश्वकर्माको नाममा मालपोत कार्यालय कास्कीमा एकलौटी दर्ता श्रेष्ता कायम रहेको कास्की जिल्ला निर्मलपोखरी म.न.पा वडा नं २ को कित्ता नं ८९६,८८५,८९८ क्रमश ०-१०-०-०,०-५-०-२, ०-१५-०-० क्षेत्रफल रहेको जग्गा ।		
ऋणीको नाम : रामशरण खड्का नागरिकता नं. : २२३०५०१३५, दोलखा बाबु/पतिको नाम : देबी बहादुर खड्का बाजे/ससुराको नाम : चन्द्र बहादुर खड्का स्थायी ठेगाना : दोलखा -३, मालु हालको ठेगाना : पोखरा -२७, लेखनाथ कर्जा नं. : एच.एल. २२५	**धन जमानी दिनेको नाम : राजु माकिम** नागरिकता न : ४३१०२८/६४१ कास्की बाबु/पतिको नाम : बल बहादुर माकिम बाजे/ससुराको नाम : छविलाल माकिम स्थायी ठेगाना : तनहुँ -०३, बन्दिपुर हालको ठेगाना : पोखरा -२७, लेखनाथ	साँवा रकम रु. २,६३,२५३.५६ ब्याज रकम रु.१६,६४६.२१ अन्य रकम रु. २३,७२७.७१ जम्मा तिर्न बाँकी रकम रु. ३,०३,६२७.४८
चन्द्र बहादुर खड्काको नाति देवी बहादुर खड्काको छोरा रामशरण खड्काको नाममा मालपोत कार्यालय कास्कीमा एकलौटी दर्ता श्रेष्ता कायम रहेको कास्की जिल्ला शिशुवा ७ को कित्ता नं ३५६१, ०-४-०-० क्षेत्रफल रहेको जग्गा ।		

नोट : यस संस्थाबाट ऋण लिई ऋणको किस्ता नियमित नगर्ने अन्य सदस्यहरुलाई समेत यसै सूचनाद्धारा ऋण नियमित गर्नुहुन जानकारी गरिन्छ । अन्यथा यसै अनुसार कानुनी प्रक्रिया मार्फत लेना रकम असुल उपर गर्न संस्था बाध्य हुनेछ ।

बिरुवा बचत तथा ऋण सहकारी संस्था लि.
पोखरा-१७ कास्की, फोनः ०६१-४५६५७७, ४५६९८२

आयो ठप्प ठिप्यो लग्यो मिति पुग्यो, टारेर टर्दैन त्यो ।
इन्द्रै विन्ति गरुन् झुकेर पदमा, त्यो विन्ति मान्दैन त्यो ।।

हार्दिक समवेदना



जन्म: वि.सं. १९९३/०६/१० गते
स्वर्गारोहण: वि.स. २०८३/०७/१० गते

स्व. जगन्नाथ सिग्देल

यस धार्मिक संस्था श्री गणेश तथा भद्रकाली मन्दिर सेवा समिति, पोखरा १२/१३ का संस्थापक सचिव, आजिवन सदस्य एवम् सामाजिक-धार्मिक व्यक्तित्व श्री प्रकाश सिग्देल र हाम्रा प्रिय भाइ चित्रकार सुनिल सिग्देलका पूजनीय पिता, हामी सबैका अभिभावक तथा मन्दिरका अनन्य शुभचिन्तक **जगन्ननाथ सिग्देल**को ९० औँ वर्षको उमेरमा भएको असामयिक निधनले हामीलाई अत्यन्त स्तब्ध र मर्माहत बनाएको छ । दीर्घ साधना, निष्काम सेवा र उच्च आदर्शले भरिपूर्ण ९० वर्षको जीवनयात्रा पूरा गरी उहाँले मोक्षको मार्ग अबलम्बन गर्नुभएको छ । उहाँको निधन भएको आज १२ औँ दिनको पुण्य तिथीमा यस मन्दिर सेवा समिति परिवार गहिरो दुःख प्रकट गर्दै दिवंगत आत्माको चिरशान्तिको कामनासहित भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछौँ । साथै शोक सन्तप्त परिवारजनमा धैर्य धारण गर्ने असीम शक्ति प्रदान गरुन भनी श्री गणेश तथा भद्रकाली माताको चरणमा हार्दिक प्रार्थना गर्दै गहिरो समवेदना प्रकट गर्दछौँ ।

योगेन्द्रमान श्रेष्ठ
अध्यक्ष एवं
श्री गणेश तथा भद्रकाली मन्दिर सेवा समिति परिवार
कुँडहर, पोखरा-१२/१३

पेन्सन पट्टा हरायो

मिति २०८२/०६/२६ गतेका दिन शिशुवादेखि पेन्सन क्याम्प पोखरा जाने क्रममा मनबहादुर दर्जीको श्रीमती सुमित्रा दर्जीद्वारा पेन्सन पट्टा हराएको र हालसम्म पनि फेला नपरेको हुँदा भेटाउनुहुने महानुभावले नजिकको प्रहरी कार्यालय वा निम्न सम्पर्कमा खबर गरिदिनुहोला ।

नाम : Man Bahadur Darjee
आर्मी नं. : ७४०३१
TS No.: C-34250
PPO No.: 234989400706
सम्पर्क नं. : ९७०३१३५८३२
निवेदक : Sumitra Darjee